# प्रेस विज्ञप्ति

माघ १८, २०७७

## सिद्धार्थ बैंकका अध्यक्षद्वारा शपथ ग्रहण

सिद्धार्थ बैंक लिमिटेडको मिति २०७७/१०/१६ गतेका दिन बसेको संचालक समितिको ३६२ औं बैठकबाट श्री मनोज कुमार केडिया बैंकको अध्यक्ष पदमा सर्वसम्मत रुपमा चयन हुनु भएको छ । उहाँले मिति २०७७/१०/१८ मा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकका गभर्नर श्री महा प्रसाद अधिकारी समक्ष गभर्नरको कार्यालयमा बैंकको संचालक समितिको अध्यक्षको पद तथा गोपनीयताको सपथ लिनुभएको छ । उहाँ यस अघि पनि मिति २०७३/११/०५ देखि २०७७/१०/१६ सम्म बैंकको संचालक समितिको अध्यक्ष रहँदै आउनु भएको थियो ।

उहाँले केडिया अर्गनाइजेशन, केडिया इन्टरनेशनल प्रा.लि., वृज सिमेन्ट इन्डष्ट्रिज प्रा.लि., अर्घाखाँची सिमेन्ट प्रा.लि., श्री स्टिलस् प्रा.लि., एशियन कनक्रेटो प्रा.लि., वृज ग्लास इन्डष्ट्रिज प्रा.लि., केडिया इन्भेष्टमेन्ट कर्पोरेशन प्रा.लि. लगायतका कम्पनीहरुमा अध्यक्ष/प्रबन्ध संचालकको रुपमा सक्रिय रही उद्योग, व्यापार एवं व्यवसायको क्षेत्रमा ३० वर्षभन्दा बढीको अनुभव हासिल गर्नु भएको छ ।